सिरानचोक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

घ्याम्पाक, गोरखा

Mail:ito.siranchowkmun@gmail.com

गण्डकी प्रदेश, नेपाल

प.सं.: २०७६/०७७

च.नं. : 1330

मिति:२०७६/१२/०५

सिरानचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घ्याम्पाक, गोरखा गण्डकी प्रदेश, नेपाल

## सिरानचोक गाउँपालिकाको अत्यन्त जरुरी सूचना।

छिमेकी राष्ट्र चिनको वुहान प्रान्त बाट नै शुरु भएको नोभेल कोरोना भाइरस (कोभीड–१९) को संक्रमण हाल विश्वका १६७ मुलुकहरुमा फैलिसकेको छ। विश्व स्वास्थ्य संगठनका अनुसार करिब २ लाख भन्दा बढी व्यक्तिहरुमा यस भाइरस बाट संक्रमित भएको र करीब ७ हजार ५ सय भन्दा बढीको मृत्यु भएको तथ्याङ्क पुष्टि भइसकेको छ। हालसम्म नेपालमा १ जना मात्र कोरोना भाइरस संक्रमित भेटियता पनि विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार नेपाललाई अति जोखिम सुचिमा राखेको छ। अत : यसको संक्रमण लाई भित्रिन नदिन तथा फैलिनबाट रोकथाम गर्न आफ्नो स्वास्थ्य बारे सचेत रहन व्यक्तिगत सरसफाईमा ध्यान दिन, भिडभाडमा नजान, नियमित रुपमा साबुन पानीले हात धुन, खोक्दा र हाछ्युँ गर्दा नाक र मुखले रुमालले छोप्नु, मासु तथा अण्डा राम्रो सँग पकाएर खाना र घरपालुवा तथा जंगली पशुपन्छीको असुरक्षित सम्पर्कबाट टाढा रहन सम्पूर्ण गाउँ बासीहरुमा अनुरोध छ। साथै १००.४ डिग्री फरेनहाइट भन्दा बढी ज्वरो आउनु, श्वासप्रश्वासमा अत्याधिक समस्या देखा पर्नु, रुघाखोकी, घाटी, टाउको तथा जिउ दुख्नु जस्ता कुनै पनि लक्षण देखिएमा तत्काल नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राख्नुहुन अनुरोध गर्दछु।

यस गाउँपालिकाभित्र भीडभाड हुनेगरी सार्वजनिक स्थलमा सभा-सम्मेलन, मेला-महोत्सव नगर्नुको साथै व्यक्तिगत रुपमा अति आवश्यक धार्मिक कर्मकाण्ड गर्नुपरेमा धेरै मानिसहरुको भीड हुने अवस्था सिर्जना नगर्न नगराउन र सहभागि नहुन समेत सिरानचोक गाउँपालिका हार्दिक अपिल गर्दछ।

..........................

राजु गुरुङ्ग

अध्यक्ष

राजु गुरुङ

अध्यक्ष